कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
5MXQ+5CJ Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८१/०८२(खानेपानी, वातावरण तथा सरसफाई उपशाखा)
च.नं.:

मिति: २०८२/०२/०६

## निजी जग्गामा वृक्षारोपण/कृषिवन स्थापनाका लागि अनुदान दिइने सूचना

समृद्धिका लागि वन परियोजना अन्तर्गत कोहलपुर नगरपालिकाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम निजी जग्गामा लैङ्गिक सुविधा (महिला, दलित तथा विपन्न वर्गलाई प्राथमिकता) सहितको वृक्षारोपण/ कृषिवन स्थापनाको लागि अनुदान कार्यक्रम अन्तर्गत निजी जग्गामा वृक्षारोपण/कृषिवन स्थापना गर्न इच्छुक लक्षित समूहका नागरिकहरुलाई आफूले चाहेका वनजन्य प्रजातिका कम्तिमा १०० बिरुवा वृक्षारोपण गर्न ६०%,२०%,२०% का दरले ३ वर्षमा अनुदान उपलब्ध गराउने भएको हुँदा इच्छुक व्यक्ति/ कृषि सहकारी/ कृषि वन समूह तथा कृषक समूहहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (मिति २०८२/०२/२१ गते सम्म) यस कार्यालयमा तपसिलका कागजात संलग्न राखी दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु**

१. कार्यक्रममा सहभागि हुन इच्छुक रहेको माग निवेदन
२. वृक्षारोपण गर्ने चाहेको वनजन्य प्रजाति र संख्या
३. नेपाली नागरिकताको प्रतिलिपि
४. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि, मालपोत तिरेको रसिद
५. कृषक समूह/कृषि सहकारी/कृषि फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि
६. समूह बैठकको निर्णयको प्रतिलिपि

.......................
मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्री सूचना तथा प्रविधि शाखा: कार्यालयको वेवसाइटमा अपलोड गरिदिनु हुन।

पुनश्च: विस्तृत जानकारीको लागि कोहलपुर नगरपालिकाका वन प्राबिधिक उर्मिला चन्द (९८४२६८९२८३) र नगर प्रहरी प्रमुख बिर बहादुर थापा संग सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।



CamScanner मार्फत स्क्यान गरियो